# नेपाल - भारत विद्युत प्रसारण तथा व्यापार आयोजना

## हेटौंडा–ढल्केबर–दुहबी ४०० के.भी. तथा भरतपुर-बर्दघाट २२० के.भी. प्रसारण लाइन आयोजना

## परिमार्जित पुनर्वास कार्ययोजना २०७८

## संक्षिप्त परिचय

विश्व बैंकको ऋण तथा अनुदान सहयोगमा संचालित "नेपाल–भारत बिद्युत प्रसारण तथा ब्यापार आयोजना"अन्तर्गतको हेटौंडा–ढल्केबर–ईनरुवा ४०० के.भी. तथा भरतपुर-बर्दघाट २२० के.भी. प्रसारण लाइन निर्माणको लागि विश्व बैंकको १३८ मिलियन अमेरिकी डलर तथा नेपाल सरकारको ३० मिलियन अमेरिकी डलरको संयुक्त लगानीमा सन् २०११ जुन २१ मा सम्झौता भई सन् २०११ सेप्टेम्बर २९ बाट कार्यान्वनमा आएको छ । यो प्रसारण लाईन निर्माण पश्चात २००० मेगावाट बिद्युत प्रबाह भई विद्युत प्रसारण क्षमता वृद्धि हुने छ। यसबाट नेपाल–भारत बीच विद्युत आदान–प्रदान गर्न तथा नेपालका स्वतन्त्र ऊर्जा उत्पादकहरुले उत्पादन गरेका र अन्य संस्थाहरुले उत्पादन गरेका विद्युत नेपालको अन्य भागमा पुर्याउन सहज हुने देखिन्छ ।

नेपाल विद्युत प्राधिकरणद्वारा निर्माणाधिन हेटौडा–ढल्केवर–ईनरुवा ४०० के.भी. विद्युत प्रसारण लाईनको कुल लम्बाई करिब २८८.३१ कि.मि. रहेको छ । प्रसारण लाइन मकवानपुर, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, उदयपुर र सुनसरी गरी जम्मा १० जिल्लाहरु भई जाने छ । त्यसै गरि भरतपुर-बर्दघाट २२० के.भी.बिद्युत प्रशारण लाइनको कुल लम्बाई ७४ कि.मि.रहेको छ । प्रसारण लाइनले चितवन,नवलपरासी र नवलपुर जिल्लाहरु भई जाने छ।
यस आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE REPORT) ऊर्जा मन्त्रालयबाट २०६८ सालमा स्वीकृत भैसकेको छ । यस बाहेक दातृ संस्था विश्व बैंकबाट निर्दिष्ट सामाजिक संरक्षण नीति (SOCIAL SAFEGUARD POLICY) मा उल्लेखित मापदण्ड अनुसारको सामाजिक प्रभाव मूल्याङ्कन तथा पुनर्वास कार्ययोजना समेत तयार गरिएको थियो ।आयोजनाको निर्माण कार्य सुरु गर्नु अगावै यसवाट प्रभाव पर्न जाने व्यक्ति तथा परिवारहरुलाई क्षतिपूर्ति बापतको रकम अथवा अन्य सहयोगका कार्यक्रमहरु संचालन गर्नु आयोजनाको मुख्य कर्तव्य हो। साथै आयोजनावाट विस्थापित परिवारहरुले क्षतिपूर्ति बापत प्राप्त रकमले नयाँ स्थानमा आवश्यकता अनुसारको संरचना निर्माण गर्नका लागि यथेष्ट समय प्राप्त गरुन भन्ने कुराको समेत ध्यान पुर्याएको छ । तथापि आयोजना निर्माण एवं सञ्चालनको दौरान उत्पन्न हुन सक्ने असरहरुलाई न्यूनिकरण गर्न विविध कार्यक्रमहरु सञ्चालन भइरहेका छन् । पुनर्वास कार्ययोजना (RAP)२०११ मा टावर निर्माणको लागि अधिग्रहण गरिने जग्गाहरुलाई मात्र समेटेकोतर प्रसारण लाईनको मार्गाधिकार (RoW) भित्र पर्ने जग्गाहरुलाई नसमेटिएको तथा गुनासो व्यबस्थापनको सम्बन्धमा बिस्तृत कार्ययोजनाहरु नरहेकोले उक्त पुनर्वास कार्ययोजनालाई परिमार्जन गरिएको छ।

### १.आयोजनाको प्राविधिक पक्ष:

नेपाल विद्युत प्राधिकरणले प्रार्थमिकताका साथ निर्माण गरिरहेको हेटौडा–ढल्केवर–ईनरुवा ४०० के.भी. प्रसारण लाईन मकवानपुर जिल्लाको हेटौडा नगरपालिका वडा नं. ११ स्थित थानाभर्याङसवस्टेशनबाट शुरु भई सुनसरी जिल्लाको भोक्राहा नरसिंहगाउँपालिका वडा नं. ४ मा निर्माण भईरहेको नयाँ सवस्टेशनमा गई जोडिनेछ। प्रशारण लाइनको कूल लम्बाई २८८.३१

कि.मिमध्ये करिब १८.६ कि.मी. (हेटौडा–हर्नामाडी) पहाडी क्षेत्र, करिब २३.४ कि.मी. (हर्नामाडी–निजगढ) खण्ड शिवालीक चुरे क्षेत्र र बाँकी २४३.२ कि.मी. (निजगढ– ईनरुवा) खण्ड तराई क्षेत्र पर्दछ। जसको अधिकांश खण्ड विद्यमान १३२ के.भी. प्रसारण लाईन र पूर्व–पश्चिम महेन्द्र राजमार्गको नजिक र प्रायः समानान्तर छ । यो प्रसारण लाईन डबल सर्किटको हुनेछ र प्रत्येक फेजहरुमा ४ वटा ACSR MOOSE CONDUCTOR जडान गरिने छ । प्रत्येक डबल सर्किट टावरको औसत उचाई ४५ मीटरको र एउटा टावर १६*१६ देखी ३८*३८ बर्ग मिटरको क्षेत्रफल भित्र निर्माण हुनेछ । त्यस्तै यस प्रशारण लाइनमा ७९२ वटा टावरहरु निर्माण गरिने छ र प्रत्येक दुई टावर बीचको औसत दुरी ४८० मीटर तथा प्रसारण लाईनको मार्गाधिकार क्षेत्र (RoW) प्रसारण लाइनको केन्द्रबिन्दु देखि दायाँ बायाँ २३/२३ मी. हुनेछ । सुनसरी जिल्ला स्थित भोक्राहा नरसिंह गाउँपालिका तथा मकवानपुर जिल्ला स्थित हेटौडाको थानाभर्याङमा नयाँ २२० के.भी.को सवस्टेशनहरु निर्माण भई रहेको तथा धनुषा जिल्लाको ढल्केवरमा २२० के.भी. सवस्टेशनको समेत निर्माण सम्पन्न भईसकेको छ।

भरतपुर-बर्दघाट २२० के.भी. प्रशारण लाइन चितवन जिल्लाको भरतपुर महानगर पालिका वडा नं. १ आँपटारीमा बन्ने नयाँ सवस्टेशनबाट शुरु भई नवलपरासी जिल्लाको बर्दघाट नगरपालिकामा निर्माण गरिने नयाँ सवस्टेशनमा गई टुङ्गिने छ । यो प्रशारण लाइनको कूल लम्बाई ७४ कि मि. मध्ये करिब ७९.१९ % बन क्षेत्रमा १८.३८% खेतियोग्य जमिनमा र २.४३ % नदीनाला तथा चट्टानी क्षेत्रमा पर्दछ । यो आयोजनाको प्रसारण लाईन डबल सर्किटको हुनेछ । यो प्रशारण लाइनमा २४६ वटा टावरहरु निर्माण गरिने छ र प्रत्येक फेजहरुमा २ वटा ACSR BISON CONDUCTOR जडान हुनेछ । प्रत्येक डबल सर्किट टावरको औसत उचाई २२.५ मीटरको र उक्त टावरको आधार १२.५ वर्गमिटरको हुनेछ तथा प्रसारण लाईनको मार्गाधिकार क्षेत्र (RoW) ३० मी. (केन्द्र बिन्दु देखि दायाँ बायाँ १५/१५ मी.) हुनेछ।

**२.वातावरण तथा सामाजिक प्रभावः**

आयोजना निर्माण कार्य वातावरणमैत्री ढंगले सम्पन्न गराउनका लागि प्रशारण लाईनले पार्ने वातावरणीय तथा सामाजिक प्रभावहरुको समिक्षा यस प्रकार उल्लेख गरिएको छ।

हेटौडा–ढल्केवर–ईनरुवा ४०० के.भी. प्रसारण लाईन :-

यो प्रशारण लाइनको करिब ३७% भाग वन क्षेत्रमा र बाँकी भाग कृषि योग्य जमिनमा पर्दछ। स्विकृत अध्यावधिक IEE प्रतिबेदन अनुसार आयोजना कार्यान्वयन गर्दा कूल ५१८.२५ हेक्टर वन क्षेत्रमा रहेका रुखहरु फडानी गर्नुपर्ने हुन्छ भने ३०.३३ हेक्टर नीजि कृषि योग्य जमिन स्थायी रुपमा अधिग्रहण गरिने छ। जग्गा अधिग्रहण तथा मुआब्जा सम्बन्धि कार्यहरु छिटो छरितो ढंगले सञ्चालन गर्न आयोजनाबाट बिभिन्न पहलहरु गरिएको छ। साथै प्रशारण लाईनकोमार्गाधिकार (RoW) भित्र कुल १७१ वटा घर तथा अन्य संरचनाहरु प्रभावित हुने अनुमान गरिएको छ । यो

प्रशारण लाईन निर्माण गर्दा करिब ४७५ हेक्टर नीजि जग्गा प्रसारण लाईन मार्ग भित्र पर्ने अनुमान गरिएको छ।

भरतपुर-बर्दघाट २२० के.भी. प्रशारण लाइनः

यो प्रशारण लाइनको करिब ७९.१९% भाग वन क्षेत्रमा तथा १८.३८% खेतियोग्य जमिनमा र २.४३% नदीनाला तथा चट्टानी क्षेत्रमा पर्दछ । स्विकृत IEE प्रतिबेदन अनुसार आयोजना कार्यान्वयन गर्दा कूल २६,०६० रुखहरु फडानी गर्नुपर्ने हुन्छ।आयोजना निर्माण गर्दा करिब २७८ हेक्टर नीजि जग्गा प्रसारण लाईनकोमार्गाधिकार (RoW) मा पर्ने अनुमान गरिएको छ। साथै आयोजनाको RoW भित्र कुल ४७ वटा घर तथा अन्य भौतिक संरचनाहरु पर्ने देखिन्छ। जग्गा अधिग्रहण तथा मुआब्जा सम्बन्धि कार्यहरु छिटो छरितो ढंगले सम्पन्न गर्न आयोजनाबाट बिभिन्न पहलहरु गरिएको छ।

अध्ययनबाट प्राप्त निष्कर्ष अनुसार प्रशारण लाइनहरुले सामाजिक तथा आर्थिक क्षेत्रमा उल्लेखनीय प्रभाव पार्न सक्ने देखिदैन । आयोजना कार्यान्वयन गर्दा प्रभावित हुने परिवार, समुदाय तथा प्रभावित गाउँपालिका/ नगरपालिका क्षेत्रमा विभिन्न किसिमका न्यूनिकरण सम्वन्धि कार्यक्रमहरु सञ्चालन भईरहेको छ। त्यसैगरी आयोजना निर्माण अवधिभर स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने अनुमान गरिएको छ। स्थानीय वासिन्दाहरुलाई रोजगारीको अवसर खुल्नेछ र स्थानीय व्यक्तिले नयाँ प्राविधिक सीप सिक्ने मौका पाउने छन्। यसबाट उक्त क्षेत्रका मानिसहरुले अधिकतम फाईदा लिन सक्नेछन्। प्रसारण लाईन मार्गमा कुनै पनि घर तथा टहराहरु निर्माण गर्न पाइने छैन र अग्लो रुख बिरुवाहरु रोप्न पाईने छैन। तर सामान्य खेतीपाती लगायतका कामका लागि प्रयोग गर्न भने सकिने छ।

### ३.प्रभाव न्यूनिकरण तथा अभिबृद्धिका कार्य:

आयोजना कार्यान्वयन तथा सञ्चालनका दौरान पर्न सक्ने नकारात्मक वातावरणीय तथा सामाजिक प्रभावहरुलाई न्यूनिकरण गर्नका लागी आयोजना प्रभावित क्षेत्रमा बिभिन्न खालका कार्यक्रमहरु सञ्चालन भइरहेका छन्। हेटौडा–ढल्केवर–ईनरुवा ४०० के.भी.प्रशारण लाइन तथा भरतपुर-बर्दघाट २२० के.भी.प्रशारण लाइनको वातावरण तथा सामाजिक ब्यवस्थापन इकाईले वातावरणीय तथा सामाजिक प्रभाव न्यूनिकरण, अभिवृद्धि कार्यक्रम तथा अनुगमन कार्यको साथै स्थानीय सरोकारवालासँग जनसम्पर्क तथा समन्वय गर्ने कार्य गरिरहेको छ।

वन क्षेत्रभित्र रहेका रुखहरुको फडानी गरे बापत प्रति रुख कटान बापत २ देखि अधिकतम २५ वटा बिरुवाको दरले प्रभावित तथा आसपासमा उपलब्ध गराइएको वनको खाली क्षेत्रमा वृक्षारोपणको काम समेत शुरु भईसकेको छ। यसले गर्दा रुखहरुको संख्यामा वृद्धि हुनेछ र वन क्षेत्रको विस्तार पनि हुनेछ।घरजग्गा तथा अन्य संरचना पर्ने परिवारहरुलाई लक्षित गरी बिभिन्न सीपमूलक तालिम, उन्नत कृषि/पशुपालनको लागि सहयोग, क्षमता वृद्धि गर्ने जस्ता कार्यक्रम सञ्चालन भएका छन्। सीप र क्षमताले भ्याएसम्म रोजगारीको लागि प्रभावित

परिवारहरुका सदस्यलाई प्राथमिकता दिने नीति रहेको छ। आयोजना निर्माण कार्य वातावरणमैत्री ढंगले सम्पन्न गराउन ठेकेदार तथा मजदूरहरुको गतिविधी निरन्तर अनुगमन भईरहेकोछ। यस आयोजनाको स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन तथा अन्य प्रतिबेदनहरुमा उल्लेख भए अनुसार यस प्रसारण लाइन अन्तर्गत निम्न कार्यहरु सञ्चालन भइरहेका छन्।

३.१ वातावरणीय अनुगमन तथा व्यवस्थापनः

हेटौडा–ढल्केबर–ईनरुवा ४०० के.भि.प्रशारण लाईनको वातावरणीय व्यवस्थापन सम्बन्धि कार्य नेपाल बिद्युत प्राधिकरण, वातावरण तथा सामाजिक अध्ययन बिभागले गरिरहेको छ । यस बिभागबाट मकवानपुरको हेटौडा, महोत्तरीको बर्दिबास र सुनसरीको इनरुवा गरी जम्मा ३ स्थानहरुमा नोभेम्बर, २०१३ (बि.सं २०७०) देखी ESMU स्थापना गरी यस आयोजनाको वातावरणीय अनुगमन तथा प्रभाव न्यूनीकरणका कार्यहरु गरिदै आएको छ । यसका साथै केन्द्रिय तहबाट ऊर्जा मन्त्रालय तथा बन तथा वातावरण मन्त्रालयबाट पनि सम्बन्धित कार्यको अनुगमन भइरहेकोछ। विश्व बैंकबाट पनि समय समयमा अनुगमनको कार्यहरु भइरहेको छ ।

३.२ पुनर्वास कार्ययोजना (RAP):

प्रसारण लाइन मार्ग भित्र पर्ने जग्गा तथा अन्य संरचनाहरुको पहिचान तथा प्रमाणीकरणको लागि विस्तृत प्रकृयाहरु प्रस्तुत गरिएको छ । यसले प्रसारण लाइन मार्गाधिकार(RoW)भित्र पर्ने जग्गाहरुको उपयोगमा आइपर्ने वाधाहरुको क्षतिपूर्ति बापत दिइने सुविधाहरुको वारेमा पहिचान तथा प्रमाणीकरण गरि क्षतिपुर्ति उपलब्ध गराईनेछ।

३.३ गुनासो ब्यवस्थापन (GRM ):

प्रसारण लाइन आयोजना सम्बन्धि प्राप्त हुने जनगुनासाहरु सम्बोधनका लागी तीन चरणको गुनासो व्यवस्थापन समिति गठन गरिएको छ। यसका साथै प्रत्येक चरणमा रहेका सदस्यहरुको काम, कर्तब्य र अधिकारको बांडफांड गरिएको छ । यस आयोजना सम्बन्धि कुनै किसिमको जानकारी आवश्यक भएमा अथवा आयोजना सम्बन्धि कुनै गुनासो भएमा सम्बन्धित डिभिजन कार्यालय तथा ESMU हरुमा सम्पर्क गर्ने व्यवस्था मिलाइएको छ ।

४.पुनर्वास कार्ययोजना (RAP):

सन्२०११ मा तयार गरिएको पुनर्वास कार्ययोजना(RAP) मा टावर निर्माणको लागि अधिग्रहण गरिने जग्गालाई मात्र समेटेको तर तार मुनि पर्ने जग्गाहरुलाई नसमेटिएको तथा गुनासो व्यबस्थापनको सम्बन्धमा बिस्तृत कार्ययोजनाहरु नरहेकोले यो पुनर्वास कार्ययोजना पून: परिमार्जन गरिएको छ। यो पुनर्वास कार्ययोजना यस आयोजनाको सामाजिक प्रभाव व्यवस्थापन ढाँचा २०११ वमोजिम तयार पारिएको छ। यस आयोजनाको प्रसारण लाइन मार्गाधिकारमा पर्ने जग्गा

तथा भौतिक संरचनाहरुको पहिचान तथा प्रमाणीकरण गरी क्षतिपूर्ति निर्धारण तथा वितरणको लागि विस्तृत प्रकृयाहरु प्रस्तुत गरिएको छ। साथै उक्त कार्यको अनुगमन तथा गुनासो व्यवस्थापनको लागि कार्ययोजना प्रस्तुत गरिएको छ।

४.१ आयोजनाको प्रसारण लाइन मार्गाधिकार (RoW) मा पर्ने घर र जग्गाहरु:

यो पुनर्वास कार्ययोजना (RAP) प्रतिवेदनले आयोजनाको कार्यान्वयन गर्दा निजी जग्गा, घर तथा अन्य भौतिक संरचनाहरु र निजी जग्गामा भएका बोट/बिरुवाहरुको उपभोगमा पर्ने असरहरु समेटेको छ। यस आयोजनाको प्रसारण लाइन मार्गमा पर्ने जग्गा तथा अन्य संरचनाहरुको पहिचान तथा प्रमाणिकरणको काम सुरु भईसकेको छ। हेटौडा-ढल्केबर-ईनरुवा ४०० के.भी. प्रशारण लाइनको तारमुनि पर्ने जग्गा तथा संरचनाहरुका विवरण तलको सारांश तालिका १ र ३ मा र भरतपुर–वर्दघाट २२० के.भी.प्रशारण लाइनको हकमा तालिका नम्बर २ र ४ मा प्रस्तुत गरिएको छ। तारमुनि पर्ने रुख बिरुवाहरुको विस्तृत विवरण तार तान्न शुरु गर्नु अगावै लिइनेछ।

तालिका–१ :प्रसारण लाइन मार्गाधिकारमा पर्ने प्रभावित घर टहरा तथा अन्य संरचनाहरु
हेटौडा –ढल्केवर– ईनरुवा ४०० के.भी.प्रसारण लाइन

| जिल्ला | तारमुनी पर्ने प्रभावित संरचना | | | | कैफियत |
|---|---|---|---|---|---|
| | आवासीय संरचनाहरु | अन्य संरचनाहरु | जम्मा संरचना संख्या | जग्गाधनीहरुको संख्या | |
| सुनसरी | ८ | ० | ८ | ५ | |
| उदयपुर | – | – | – | – | |
| सप्तरी | २३ | ० | २३ | १२ | |
| सिरहा | ३७ | १२ | ४९ | ३० | |
| धनुषा | ३१ | | ३१ | २२ | |
| महोत्तरी | २ | १ | ३ | २ | |
| सर्लाही | १६ | २४ | ४० | २६ | |
| रौतहट | – | – | – | – | |
| बारा | – | – | – | – | |
| मकवानपुर | ५४ | | ५४ | ५३ | |
| जम्मा | १७१ | ३७ | २०८ | १५० | |

तालिका -२ : प्रसारण लाइन मार्गाधिकारमा पर्ने प्रभावित घर टहरा तथा अन्य संरचनाहरु
भरतपुर बर्दघाट २२० के.भि.प्र.ला.प्रसारण लाइन

| जिल्ला | तारमुनी पर्ने प्रभावित संरचना | | | | |
|---|---|---|---|---|---|
| | आवासीय संरचनाहरु | अन्य संरचनाहरु | जम्मा संरचना संख्या | जग्गाधनीहरुको संख्या | कैफियत |
| नवलपुर | ४७ | – | ४७ | ४७ | |
| जम्मा | ४७ | – | ४७ | ४७ | |

तालिका -३ : प्रसारण लाइन मार्गाधिकारमा पर्ने प्रभावित जग्गाहरु
हेटौडा -ढल्केबर -ईनरुवा ४०० के.भि. प्रसारण लाइन

| | प्रसारण लाइन मार्गमा पर्ने जग्गा] | | | | | | |
|---|---|---|---|---|---|---|---|
| जिल्ला | जम्मा कित्ता संख्या | जग्गाधनीहरुको प्रमाणीकरण संख्या | प्रभावित जग्गाको क्षेत्रफल | | | | कैफियत |
| | | | बिगाहा | कठ्ठा | धुर | कौनी | |
| सुनसरी | ६१५ | ४१५ | ५२ | २ | १८ | ० | |
| उदयपुर | ४५ | ४५ | ६ | ८ | १७ | ४ | |
| सप्तरी | २००३ | १८३३ | २२२ | १४ | ११ | १३ | |
| सिराहा | ७३६ | | ८० | २ | ८ | १ | इनरुवा डिभिजन |
| | ९०९ | | १३६ | १७ | १५ | ४ | ढल्केबर डिभिजन |
| धनुषा | ५८७ | | १०१ | १६ | २४ | १५ | |
| महोत्तरी | ३१ | २२ | ३ | ९ | १ | ० | |
| सर्लाही | ४४१ | | ७८ | ९ | १९ | ६ | |
| रौतहट | १९ | १९ | ४ | ० | १९ | १२ | |
| बारा | – | – | – | – | – | – | निजि जग्गा नभएको |
| मकवानपुर | १५० | १५० | २२ | १६ | १७ | ० | |
| जम्मा | ५३८२ | | ७०४ | ९३ | १४९ | ५५ | |
| | | | ७०९ | ० | १२ | ७ | |

तालिका -४ :प्रसारण लाइन मार्गाधिकारमापर्ने प्रभावित जग्गाहरुको सारांस
भरतपुर बर्दघाट २२० के.भि. प्रसारण लाइन

| | प्रसारण लाइन मार्गमा पर्ने जग्गा | | | | | | |
|---|---|---|---|---|---|---|---|
| जिल्ला | जम्मा कित्ता संख्या | जग्गाधनीहरुको प्रमाणीकरण संख्या | प्रभावित जग्गाको क्षेत्रफल | | | | कैफियत |
| | | | बिगाहा | कठ्ठा | धुर | कौनी | |
| नवलपुर | २७२ | २३३ | ४१७ | ० | ४ | ० | |
| जम्मा | २७२ | २३३ | ४१७ | ० | ४ | ० | |

नोटः- माथि तालिकामा उल्लेख भएका विवरणहरुमा आयोजना निर्माणमा अबरोध भएको स्थानहरु तथा ऐलानी जग्गाहरुको विवरण समावेस गरिएको छैन ।

## ४.२ पूर्नवास योजना(RAP) का चरणहरुः

आयोजनाहरुको निर्माण कार्यतालिका वमोजिम पूर्नवास सम्वन्धी मुख्य कार्यहरु संचालन गर्नु अत्यन्त आवश्यक हुन जान्छ । आयोजनाको निर्माण कार्य सुरु गर्नु अगावै यसवाट प्रभाव पर्न जाने व्यक्ति तथा परिवारहरुलाई क्षतिपूर्ति बापतको रकम अथवा अन्य सहयोगका कार्यक्रमहरु संचालन गर्नु आयोजनाको मुख्य कर्तव्य हो । साथै आयोजनावाट विस्थापित परिवारहरुले क्षतिपूर्ति बापत प्राप्त रकमले नयाँ स्थानमा आवश्यकता अनुसारको संरचना निर्माण गर्नका लागि यथेष्ट समय प्राप्त गरुन भन्ने कुराको समेत ध्यान पुर्याउदै यसको कार्यान्विन तल उल्लेख भए बमोजिमको चरणमा गरिनेछ।

### ४.२.१ पहिलो चरणः आयोजनावाट प्रभावित परिवारहरुको पहिचान

प्रशारण लाइनको प्रसारण लाइन मार्गाधिकारमा पर्ने घर जग्गा, विभिन्न संरचना, तथा स्वामित्व भएका अन्य वस्तुहरुको पहिचान तथा प्रमाणिकरण गरिनेछ। यस क्रममा सम्बन्धित सरकारी निकायसंग आधिकारीक नक्सा लिई प्रशारण लाईन मार्गाधिकारमा पर्ने जग्गा तथा विभिन्न संरचनाहरुको स्थलगत भ्रमण गरि पहिचान तथा प्रमाणिकरण गरिने छ।

(क) जग्गा धनी प्रमाणपुर्जा भएकाको हकमा :

अ) ४०० के.भी प्रशारण लाइनको हकमा केन्द्रबाट दाँया बाँया२३/२३ मिटर र २२० के.भी.प्रशारण लाइनको हकमा केन्द्रबाट दाँया बाँया १५/१५ मिटर रेखांकन गर्ने।

आ) सम्वन्धीत नापी कार्यालयवाट प्राप्त नक्साको आधारमा प्रशारण लाइनवाट प्रभाव पर्ने घर, जग्गा तथा अन्य संरचनाहरुको पहिचान गर्ने।

इ) सम्बन्धित मालपोत कार्यालयको अभिलेखमा उल्लेख भए वमोजिम जग्गाको स्वामित्व पहिचान तथा प्रमाणिकरण गरि जग्गाधनीहरुको प्रारम्भिक सूची तयार गर्ने।

ई) आयोजनावाट प्रभावित घर. जग्गाहरुको तथ्यांक प्राप्त भइसकेपछि सोको अधिग्रहणको लागि सम्वन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, नापी तथा मालपोत

कार्यालयका प्रतिनिधि तथा अन्य सम्बन्धित निकायका प्रतिनिधिहरुको निर्णयबाट जग्गा तथा संरचना प्रासिको लागि सुचना प्रकाशन गर्ने।

(ख) जग्गा धनी प्रमाणपूर्जा नभएका परिवारहरुको पहिचान तथा प्रमाणिकरण ( लामो समयसम्म जग्गाको उपयोग गरेका र मोहीको हकमा):

अ) क्षतिपुर्ति तथा अन्य सहयोग प्रासिका लागि योग्यताका आधारहरु निर्धारण गर्ने ।

।) सम्बन्धित स्थानीय निकायको सिफारीसमा लामो समय देखि जग्गाको उपभोग गरेका परिवारहरुको पहिचान गर्ने ।

॥) जग्गा भाडामा लिई संरचना तयार गरि वा अन्य व्यवसाय गरि वसेका व्यक्तिहरुको पहिचान गर्ने ।

(ग) घरजग्गा तथा संरचनाको स्वामित्व प्रमाणिकरण:

अ)घरजग्गा तथा अन्य संरचनाहरु प्रासिका लागि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकासन गर्ने र सो सूचना आयोजना प्रभावित विभिन्न स्थानहरुमा टाँस गरिसोको जानकारी गराउने।

आ)आयोजनाको सम्वन्धीत डिभिजन कार्यालयहरुमा सूचना प्रकाशित भइसकेपछि आउने विभिन्न दावी विरोध, गुनासोहरुको सम्वोधनको आवश्यकव्यवस्था मिलाउने।

(i) सूचनाको म्याद भित्र प्राप्त भएका दावी विरोध, गुनासोहरुको अभिलेख राख्ने।

(ii) आयोजनाका कर्मचारीहरुको अलावा स्थानीय जनप्रतिनिधि तथा विद्यालय शिक्षकहरु परिचालन गरि प्रभावित व्यक्तिहरुको गुनासो संकलन गर्ने।

(iii) प्रकाशित सूचनामा नाम तथा अन्य विवरण फरक पर्न गएको खण्डमा नापी तथा मालपोत कार्यालयसंग समन्वय गरि त्रुटि सच्याउने र सोको जानकारी सम्बन्धित जग्गा धनिलाई दिइने।

(iv)सम्बन्धित नापी तथा मालपोत कार्यालयहरुवाट प्राप्त आधिकारीक विवरणको आधारमा क्षतिपूर्तीको प्रकृया अगाडि वढाउने।

इ) सम्बन्धित नापी तथा मालपोत कार्यालयहरुवाट घर तथा जग्गाधनीको विवरण आधिकारीक रुपमा प्राप्त गर्ने।

(i) जग्गाधनी प्रमाण पूर्जा नभएको व्यक्तिको हकमा स्थानीय निकाय, समुदाय तथा अन्य सरोकारवाला निकायहरुको समन्वयमा घर जग्गाको प्रमाणीकरण गरि सोको अभिलेख तयार गर्ने।

(ii)सम्बन्धित जग्गाधनी तथा उपभोक्ताहरुलाई माथि उल्लेखित क्रियाकलापहरुको जानकारी दिइने।

घ) आयोजना प्रभावित परिवारहरुको घरजग्गा तथा अन्य संरचनाहरुको अन्तिम सूची तयार गर्ने।

ङ) समय सिमाको जानकारी: प्रकाशितसूचना सम्बन्धित स्थानीय निकाय तथा अन्य सार्वजनिक स्थानहरुमा समेत टाँस गरी प्रभावित घरपरिवारहरुलाई समयसिमाको जानकारी प्रदान गर्ने।

च) सार्वजनिक सूचना प्रकाशित भइसकेपछि आयोजनावाट सम्बन्धित स्थानीय निकायहरुलाई अधिग्रहण गरिने स्थानमा कुनै पनि संरचना निर्माणको लागि स्वीकृती प्रदान नगर्न अनुरोध गरी पत्राचार गर्ने। यद्धपी आयोजनाले प्रसारण लाइन मार्गाधिकारभित्र पर्ने जग्गाको किनवेच पूर्णरुपमा वन्देज गर्न नसक्ने।

छ) आयोजनावाट विस्थापित हुने घरपरिवार तथा आयोजनाको कारण प्रभावित हुने कूल जग्गाको प्रतिशत पहिचान गरि यसैका आधारमा आयोजना प्रभावित परिवारहरुको तथा प्रभाव पर्ने घरजग्गा तथा अन्य संरचनाहरुको अन्तिम सूची तयार गर्ने।

४.२.२ दोश्रो चरणः प्रभाव क्षतिको वर्गिकरण तथा मुल्यांकनः

माथि पहिचान गरिएका घर, जग्गा तथा अन्य संरचनाहरुको बर्गिकरण तथा क्षतिपुर्ति मूल्यांकनको लागि निम्न बमोजिमका कार्यहरु गरिनेछ।

क) प्रभावित जग्गा, संरचना तथा बोटबिरुवाहरुको मुल्यांकन :

अ) आयोजनावाट सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई तयार पारिएको जग्गा तथा संरचनाहरुको विवरण सहित मुल्यांकनको लागि अनुरोध गर्ने।

आ) सम्बन्धित प्रमुख जिल्ला अधिकारीवाट क्षतिपूर्ति निर्धारण समितिको वैठक आयोजना गर्ने । सो समितिमा देहायका सदस्यहरु रहने व्यबस्था रहेको छः

(i) प्रमुख जिल्ला अधिकारी -संयोजक

(ii)जिल्ला समन्वय समितिका प्रतिनिधि -सदस्य

(iii)नापी तथा मालपोत कार्यालयका प्रतिनिधि -सदस्य

(iv)आयोजनाको प्रतिनिधि – सदस्य सचिव

इ) आवश्यकता अनुसार उक्त समितिले मुल्यांकन प्रयोजनको लागि सम्बन्धितविज्ञहरु सम्मिलित उपसमिति गठन गर्न सक्नेछ।

ई) मुल्यांकन समितिबाट निम्न आधारहरुको अधिनमा रहि मूल्यांकन गरिनेछ।

(i) जग्गाको उपयोगिताको आधार (जस्तै आवासिय, व्यापारिक, कृषी)

(ii) जग्गाको किसिमको आधारमाः हाल जग्गाको प्रचलन, जग्गासंग जोडिएको वाटोको प्रकार, सिंचाइको सूविधा र भूपरिधि।

(iii) न्यूनतम मुल्यांकित सरकारी दररेट।

(iv) हालसालै किनवेच हुँदाको जग्गाको दररेट।

(v) धितोको प्रयोजनको लागि बैकवाट मुल्यांकित मुल्य।

(vi) प्रचलित वजारभाउ।

(vii) स्थानीय निकायवाट प्राप्त सिफारीस वमोजिमको दररेट।

उ) संरचनाहरुको मुल्यांकन :

(i) प्रभावित संरचनाको विस्तृत प्रमाणिकरण (स्वामित्व, प्रकार आदी)

(ii) प्रभावित संरचनाको स्वामित्व, दररेट, कुल रकम सहित अन्तिम प्रतिवेदन तयारी

४.२.३ तेश्रो चरणः मुआब्जा तथा क्षतिपूर्ति बापतको रकम तथा अन्य सहयोगरकम भुक्तानी दिने बिधि

पहिलो तथा दोश्रो चरणमा पहिचान भएका सम्बन्धित जग्गा तथा घर धनीहरुलाई मुआब्जा तथा क्षतिपुर्ति भुक्तानीका लागि निम्न बमोजिमका प्रक्रियाहरु अबलम्बन गरिनेछ।

क) मुआब्जा तथा क्षतिपूर्तिको रकम वुझिलिन सक्कलै कागजपत्रहरु सहित आयोजनाको सम्बन्धित डिभिजन कार्यालयहरुमा सम्पर्क गर्नका लागि राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ। उक्त सार्बजनिक सूचना सम्वन्धित स्थानीय निकाय, नापी कार्यालय, मालपोत कार्यालय तथा अन्य सार्वजनिक स्थानहरुमा समेत टाँस गरिनेछ।

ख) आयोजनाको सम्वन्धित डिभिजन कार्यालयका प्रतिनिधिहरु प्रभावित समुदायहरुमा स्थलगत रुपमा खट्टिइ निवेदनहरु संकलन गरिनेछ र मुआब्जा क्षतिपूर्ति तथा अन्य सहयोग बापतको रकम प्रदान गरिनेछ। यस दौरान आयोजना प्रभावितहरुवाट कुनै गुनासोहरु प्राप्त भएमा सोको अभिलेख राखिनेछ।

अ) मुआब्जा तथा क्षतिपूर्ति बापतको रकम वुझिलिनका लागि चाहिने आवश्यक कागजातहरु तथा अन्य दस्तावेजहरु संकलन गरिने स्थान तथा मितिको वारेमा अग्रिम जानकारी गराइने छ।

आ) क्षतिपुर्ति रकम एकाउन्टपेयी चेक मार्फत भुक्तानी गरिनेछ।

इ) यदी जग्गा अधिग्रहण गरिने भएमा जग्गाको स्वामित्व आयोजनाको नाममा नामसारी हुनेछ।

ई) यदि कुनै गुनासो प्राप्तभएमा आयोजनाको गुनासो सुनुवाई संयन्त्र मार्फत सम्वोधन गरिनेछ।

## ५. क्षतिपुर्ति प्राप्त गर्ने योग्यताका आधार (**Entitlement Matrix)**:

समय सिमा निर्धारण र योग्यताका लागि जग्गा तथा संरचना प्राप्तिको सूचना प्रकाशन भै सकेपछि निर्मित घर तथा संरचनाहरु तथा लगाइएको बोट/बिरुवाहरुको क्षतिपूर्ति प्रदान गरिने सूचिमा समावेश गरिने छैन र साथै क्षतिपूर्ति पनि प्रदान गरिने छैन ।

तल उल्लेखित व्यक्तिहरु आयोजनावाट प्रदान गरिने क्षतिपूर्ति तथा अन्य सहयोग प्राप्त गर्न योग्य हुनेछन् :

- लामो समयदेखि ऐलानी/नम्बरी/आवादीजग्गाभोगचलन गरिरहेका प्रभावित परिवारहरु।
- भू-उपयोग निषेध गरिएको वा प्रभावित भएका जग्गाको जग्गाधनी वा प्रयोगकर्ता
- सम्बन्धित धनिसंग सम्झौता गरि बहाल वा साझेदारीमा वाली लगाएकाहरु।
- भवन, वालीनाली, बोटबिरुवा र अन्य वस्तुहरुका हकवालाहरु
- आयोजनाकोलागि जग्गा अधिग्रहण वा भू-उपयोग निषेध गरिएको कारणले व्यवसाय/ जीविकापार्जन गुमाउने प्रभावित व्यक्तिहरु/परिवारहरु।

यदि जग्गा भोगचलन गरि बसेका वा तोकिएको समयसिमा अघि प्रयोग गरेकासवै प्रभावित परिवारहरु, तिनिहरुको स्थितिको वावजुद वा उनिहरुसंग भूस्वामित्व वा कानूनी अधिकार नभए पनि त्यसरी बसेकाहरु सहयोगका लागि योग्य हुनेछन। समयसिमा पछि संरचनामा परिवर्तन

गरेका छन भने अग्रिम सूचना दिई खाली गर्न वा आयोजना कार्यान्वयन अघि कुनै नयाँ संरचना भए भत्काउन अनुरोध गरिनेछ।

## ६. हकाधिकार :

तलको तालिकाले आवासिय संरचना, अन्य निजी संरचना, सामुदायिक संरचना तथा अन्य संरचनाहरुको लागि क्षतिपूर्ति प्याकेज सूचीवद्ध गर्दछ। ति सवै प्रभावितलाई प्रतिस्थापन लागत बराबर क्षतिपूर्ति उपलब्ध गराइनेछ।

तालिका ५ : Entitlement Matrix

| क्षतीको प्रकार | हकाधिकार को इकाई | हकाधिकारको विवरण | कार्यान्वनका उपायहरु |
|---|---|---|---|
| १. घर तथा अन्य संरचनाहरु | | | |
| १.१ आवासीय संरचनाको क्षति | जग्गाधनी पूर्जा भएको | *घर टहराको प्रकार अनुसार प्रतिस्थापन मुल्यको आधारमा नगद क्षतिपुर्ति ।<br>*संरचनाले ओगटेको जग्गाको क्षतिपूर्ति। | *घर तथा घरले चर्चेको जग्गाको मुल्यांकन आयोजनाले गराउनेछ ।<br>*सहरी विकास तथा भवन डिभिजन कार्यालयबाट गरिएको संरचनाको मुल्यांकन।<br>*क्षतिपूर्ति निर्धारण समितिले तोकेको क्षतिपूर्ति रकम घरधनीलाई उपलब्ध गराइनेछ ।<br>* प्रभावित जग्गा/संरचनाको क्षतिपूर्ति प्रतिस्थापन मुल्य आधारमा निर्धारण गरिनेछ ।<br>*घरधनीलाई प्रभावित संरचना भत्काई लान दिइनेछ साथै उक्त सामग्रि लगे बापत क्षतिपूर्तिको रकममा कट्टा गरिने छैन ।<br>*संरचना भत्काउन पूर्व ५०% क्षतिपूर्ति रकम र संरचना भत्काई सकेपछि बाँकी ५०% रकम उपलब्ध गराइनेछ ।<br>*प्रत्येक घरपरिवारलाई ६ महिनाको घरभाडा सुविधा उपलब्ध गराइनेछ ।<br>*घरभाडाको रकम प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहने समितीबाट निधार्रण हुनेछ ।<br>*माल वस्तु तथा सरसामान स्थानांतरण गर्नका लागि प्रति घरपरिवारलाई बीस हजार रूपैयाँ ढुवानी सुविधा उपलब्ध गराइने छ । |

| | | | |
|---|---|---|---|
| | | | * प्रभाव न्यूनिकरणको लागि विस्थापित भत्ताको व्यवस्था निम्न अवस्थामा गरिने छ:<br>➢ बालीनाली, रूखबिरुवा वा जीविकोपार्जनको अन्य माध्यमहरुलाई पुनः स्थापित गर्नु पर्ने अवस्थामा ।<br>➢ घर निर्माण गर्न आवश्यक भएमा ६ महिनाको थप घरभाडा उपलब्ध गराइनेछ, सोको रकम प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहने समितीबाट निधार्रण हुनेछ ।<br><br>*प्रभावित जग्गा/संरचनाको क्षतिपूर्तिको अतिरिक्त १०% भन्दा वढि जग्गा गुमाउने घरपरिवारलाई तालिम सुविधा उपलब्ध गराइने छ ।<br>* अधिग्रहण गरिने वा भू-उपयोग निषेध गरिएको जग्गामा रहेका संरचना खालि गर्न ३५ दिनको सूचना दिइनेछ ।<br>*अधिग्रहण गरिएको जग्गाको उचित क्षतिपूर्ति सुनिश्चित गर्न सोही बर्षकोदर/रेट अनुसार क्षतिपूर्ति निर्धारण गरिने छ |

| | | | |
|---|---|---|---|
| १.२ अन्य नीजी संरचनाको क्षति। | जग्गाधनी पूर्जा भएको र जग्गाधनी पूर्जा नभएको दुबै | *अन्य निजी संरचनामा समेटिएका गाइगोठ, शौचालय, ट्युबवेल, इनार आदी।<br>*संरचनाको प्रकारको साथै पूर्ण वा आशिंक प्रभावको आधारमा प्रतिस्थापन मुल्य बराबरको नगद क्षतिपूर्ति दिइने ।<br>* | * आवासीय घर बाहेक अन्य नीजी संरचनाको क्षति भएको हकमा अन्य कुनै थप सुविधा/भत्ता दिइने छैन।<br>*संरचनाको क्षतिपूर्ति प्रतिस्थापन मुल्यको आधारमा निर्धारण गरिनेछ।<br>*क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरे वमोजिमको क्षतिपूर्ति रकम उपलब्ध गराइनेछ<br>* स्थानान्तरण सुबिधा बापत संरचनाको मुल्यांकित रकमको २० प्रतिशत अतिरिक्त रकम उपलब्ध गराइनेछ ।<br>अधिग्रहण गरिने वा भू-उपयोग निषेध गरिएको जग्गामा रहेका संरचना खालि गर्न ३५ दिनको सूचना दिइनेछ ।<br>*घरधनीलाई प्रभावित संरचना भत्काई लान दिइनेछ साथै उक्त सामग्रि लगे बापत क्षतिपूर्तिको रकममा कट्टा गरिने छैन |
| १. ३ आवासीय संरचनाको क्षति | जग्गाधनी पूर्जा नभएका | *प्रभावित संरचनाको (प्रतिस्थापन<br>*मुल्य बराबरको क्षतिपुर्ति दिइने छ।<br>तर अवैध रूपमा जग्गा कब्जा गरि निर्माण गरिएका संरचनाको लागि जग्गाको क्षतिपूर्ति भुक्तान गरिने छैन। | *क्षतिपूर्ति निर्धारण समितिले तोके वमोजिमको क्षतिपूर्ति रकम घरधनीलाई उपलब्ध गराइनेछ ।<br>*प्रभावित जग्गा/संरचनाको क्षतिपूर्ति प्रतिस्थापन मुल्यको आधारमा निर्धारण गरिनेछ।<br>*घरधनीलाई प्रभावित संरचना भत्काई लान दिइनेछ साथै उक्त सामग्रि लगे बापत क्षतिपूर्तिको रकममा कट्टा गरिने छैन ।<br>* आवश्यकताको आधारमा आवासीय संरचनाको क्षति भएको अवस्थामा ६ महिनाको घरभाडा सुविधा उपलब्ध गराइनेछ ।<br>*घरभाडाको रकम प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहने समितीबाट निधार्रण हुनेछ । |

| | | | |
|---|---|---|---|
| | | | *माल वस्तु तथा सरसामान स्थानांतरण गर्नका लागि प्रति घरपरिवारलाई बीस हजार रूपैयाँ ढुवानी सुविधा उपलब्ध गराइने छ ।<br><br>* प्रभाव न्यूनिकरणको लागि विस्थापित भत्ताको व्यवस्था निम्न अवस्थामा गरिने छः<br>➢ बालीनाली, रूखबिरुवा वा जीविकोपार्जनको अन्य माध्यमहरुलाई पुनः स्थापित गर्नु पर्ने अवस्थामा ।<br>➢ घर निर्माण गर्न आवश्यक भएमा ६ महिनाको थप घरभाडा उपलब्ध गराइनेछ, सोको रकम प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहने समितीबाट निधार्रण हुनेछ ।<br><br>*नगद क्षतिपूर्तिको अतिरिक्त, प्रभावित व्यक्तिहरु पनि आयआर्जन, जिविकोपार्जन, पुनर्स्थापना सहयोगका लागि योग्य हुनेछन् ।<br>* अधिग्रहण गरिने वा भू-उपयोग निषेध गरिएको जग्गामा रहेका संरचना खालि गर्न ३५ दिनको सूचना दिइनेछ ।<br>*ऐलानी जग्गामा बनेको संरचनाको हकमा घरले चर्चेको जग्गाको क्षतिपुर्तिको लागि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/०८/३० को निर्णय बमोजिम उपलब्ध गराइनेछ । |

| | | | |
|---|---|---|---|
| १. ४ आवासीय र अन्य नीजी संरचनाको क्षति | भाडामा लिएका | *प्रतिस्थापन मुल्य बराबरको क्षतिपूर्ति रकम उपलब्ध गराइने छ । | *क्षतिपूर्ति निर्धारण समितिले तोकेको क्षतिपूर्ति रकम घरधनीलाई उपलब्ध गराइनेछ ।<br>*घरधनीलाई प्रभावित संरचना भत्काई लान दिइनेछ साथै उक्त सामग्रि लगे बापत क्षतिपूर्तिको रकममा कट्टा गरिने छैन ।<br>* आवश्यकताको आधारमा आवासीय संरचनाको क्षति भएको अवस्थामा ६ महिनाको घरभाडा सुविधा उपलब्ध गराइनेछ ।<br>*घरभाडाको रकम प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहने समितीबाट निधार्रण हुनेछ ।<br>*माल वस्तु तथा सरसामान स्थानान्तरण गर्नका लागि प्रति घरपरिवारलाई बीस हजार रूपैयाँ ढुवानी सुविधा उपलब्ध गराइने छ ।<br>* प्रभाव न्यूनिकरणको लागि विस्थापित भत्ताको व्यवस्था निम्न अवस्थामा गरिने छः<br>➢ बालीनाली, रूखबिरुवा वा जीविकोपार्जनको अन्य माध्यमहरुलाई पुनः स्थापित गर्नु पर्ने अवस्थामा ।<br>➢ घर निर्माण गर्न आवश्यक भएमा ६ महिनाको थप घरभाडा उपलब्ध गराइनेछ, सोको रकम प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहने समितीबाट निधार्रण हुनेछ ।<br>*संरचना खालि गर्न ३५ दिनको सूचना दिइनेछ । |

| | | | |
|---|---|---|---|
| २. जग्गा | | | |
| २.१ स्थाई रुपमा अधिग्रहण गरिने निजी जग्गाको क्षति | जग्गाधनी पूर्जा भएको | * प्रतिस्थापन मुल्य बराबरको क्षतिपूर्ति रकम उपलब्ध गराउने।<br>* *खेतियोग्य जमिनको हकमा, खेति लगाउन अवरोध भएको अवस्थामा एकवाली लगाउँदा प्राप्त हुने उत्पादन वरावरको क्षतिपूर्ति दिइनेछ । | *जग्गा प्रासिको लागि प्रारम्भिक कारवाही आयोजनाले तोकेको प्रारम्भिक अधिकृतले गर्नेछ ।<br>* प्रत्येक जिल्लामा गठन भएका क्षतिपूर्ति निर्धारण समितिको बैठकले क्षतिपूर्तिको दररेट निर्धारण गरे बमोजिम सम्वन्धित सरोकारवालाहरुलाई उपलब्ध गराउने छ ।<br>* अधिग्रहण गरिएको जग्गाखालि गर्ने सूचना कम्तिमा ३५ दिन अघि प्रदान गरिनेछ ।<br>* क्षतिपूर्ति चेक मार्फत प्रदान गरिने छ ।<br>*अधिग्रहण गरिएको जग्गाको उचित क्षतिपूर्ति सुनिश्चित गर्न सोही बर्षकोदर/रेटअनुसार क्षतिपूर्ति निर्धारणगरिने छ । |
| २.२ स्थाई रुपमा निजी जग्गाको क्षती | जग्गाधनी पूर्जा नभएका | *परम्परागत जग्गा प्रयोगको अधिकार भएको र नेपाल सरकारद्धारा मान्यता प्राप्त जग्गा स्वामित्वको स्थान प्राप्त गर्ने प्रक्रियामा रहेको जग्गालाई क्षतिपूर्ति दिइनेछ ।<br>*अधिग्रहण गरिएको जग्गाको क्षतिपूर्तिको सट्टामा उनीहरूको जीविकोपार्जन र जीवनस्तर विस्थापनपूर्व स्तरमा पुनर्स्थापना गर्न पुनर्स्थापना सहयोग प्रदान गरिनेछ | *जग्गाको क्षतिपूर्ति बाहेक, जग्गाधनी पूर्जा नभएकाहरु पनि आयआर्जन, जिविकोपार्जन, पुनर्स्थापना सहयोगका लागि योग्य हुनेछन् ।<br>*क्षतिपूर्ति निर्धारण समितिद्धारा कानूनी रुपरेखा अनुसार त्यस्ता जग्गाधनी पूर्जा नभएकाको स्थिति निर्धारण गर्ने<br>*ऐलानी जग्गाको क्षतिपुर्तिको लागि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/०८/३० को निर्णय बमोजिम उपलब्ध गराइनेछ । |

| | | | |
|---|---|---|---|
| २.३ निजी जग्गाको भू-उपयोग प्रभावित वा निषेध भए बापतको क्षती | भाडामा लिएका | * जग्गाको क्षतिपूर्ति दिइने छैन ।<br>* खेतियोग्य जमिनको हकमा, खेति लगाउन अवरोध भएको अवस्थामा क्षतिपुर्ति प्राप्त गर्ने योग्यताका आधार अन्तर्गत रहेको सुची ३. १ र ३. २ अनुसार क्षतिपूर्ति दिइनेछ ।<br>* बाँकी लीज/तोकिएको अवधिको लागि प्रभावित जमिनको कूल आम्दानी वरावर रकम क्षतिपूर्तिको आधारको रूपमा लिइनेछ<br>* पुनर्स्थापना भत्ताको लागि योग्य हुनेछन् । | * प्रत्येक जिल्लामा गठन भएको क्षतिपूर्ति निर्धारण समितिको बैठकले क्षतिपूर्तिको दररेट निर्धारण गरे बमोजिम सम्वन्धित सरोकारवालाहरुलाई उपलब्ध गराउने छ ।<br>*जग्गाखालि गर्ने सूचना कम्तिमा ३५ दिन अघि प्रदान गरिनेछ । |
| २.४ निजी जग्गाका अस्थायी क्षति | जग्गाधनी पूर्जा भएका | *अस्थायी रुपमा प्रयोग गरेको अवधिको लागि वाली, जग्गाको उत्पादकता र अन्य सम्पत्तिको क्षतिपूर्ति।<br>*अन्य व्यवधान र सम्पत्तिमा भएको क्षतिको लागि क्षतिपूर्ति।<br>*प्रस्तावकले जग्गाको प्रयोगको लागि सम्वन्धित धनी संग भाडा दरमा भाडा सम्झौता को वार्तालाप गर्ने।<br>*अस्थायि रुपमा प्रयोग गरिएको जग्गाको अवधि सकिएपछि सम्वन्धित धनीलाई फिर्ता दिनुपर्नेछ । यसको | *जग्गाको अस्थायी प्रयोगको अन्त्यमा जग्गाधनीमा फिर्ता हुनेछ । जग्गा कम्तिमा मूल अवस्थामा वा सुधारिएको अबस्थामा फर्काउनु पर्नेछ ।<br><br>*प्रस्तावकले जग्गा लिजमा प्राप्त गर्न सम्वन्धित धनीसंग सम्झौता गर्ने छ र उक्त सम्झौतामा निम्न लिखित कुराहरु समावेश हुनुपर्नेछ।<br>• भाडा अवधि<br>• वार्षिक मुद्रास्फीतिको समायोजन<br>• भाडा भुक्तानीको समयअवधि<br>• जग्गा संरक्षण र पुनर्स्थापनाका उपायहरू<br><br>*अस्थायि रुपमा प्रयोग गरिएको जग्गाको अवधि सकिएपछि सम्वन्धित |

| | | | |
|---|---|---|---|
| | | मुल अवस्थामानै ल्याउनु पर्नेछ वा सम्वन्धित धनी संग भएको सहमति अनुसार सुधार गर्नु पर्नेछ । | धनीलाई फिर्ता दिनुपर्नेछ र जग्गालाई पुरानै अवस्थमा स्थापित गर्न जग्गा धनीसंग भएको सहमति अनुसार आवश्यक कार्यहरू गर्नु पर्नेछ |
| ३. अन्य निजी स्वामित्व प्राप्त श्रोतहरु ( Resources) | | | |
| ३.१ गैहबाह्रमासे वालीको क्षति | जग्गाको स्वामित्व भएका रस्वामित्व को अन्य प्रमाण | *बालीकाट्ने अग्रिम सूचना।<br>*बालिको कुल मुल्य जहाँ वाली उठाउन सम्भव छैन । | *बालीको वजार मुल्य र उत्पादन घाटा क्षतिपूर्ति निर्धारण समितिद्धारा निर्धारण गरिन्छ ।<br>*प्रचलित बजार मुल्यमा आधारीत र स्थानिय सरोकारवालाहरु संगको परामर्शमा) वा सम्वन्धित सरकारी निकायहरुद्धारा निर्धारण हुनेछ । |
| ३.२ निजी स्वामित्व भएका रुख/बिरुवा हरु र बाह्रमासे वालीहरुको क्षति | जग्गाको स्वामित्व भएका/ स्वामित्व को अन्य प्रमाण भएकाको | * वालीकाट्ने अग्रिम सूचना।<br>* बालिको कुल मुल्य जहाँ वाली उठाउन सम्भव छैन।<br>*फलफुल /डालेघाँसका रुखहरुको क्षति पहिलेको ५ बर्षको वार्षिक कुल उत्पादनको आधारमा र काठ/इन्धनजन्य क्षति पहिलेको ३ बर्षको वार्षिक कुल उत्पादनको आधारमा दिइनेछ ।<br>*रूखहरूको स्वामित्व भएका/स्वामित्वको अन्य प्रमाण भएकाको ती रुखहरु माथी प्रायोजनको पूर्ण अधिकारको सुनिश्चितता गरिने छ | *वालीको वजार मुल्य र उत्पादन घाटा क्षतिपूर्ति निर्धारण समितिद्धारा निर्धारण गरिन्छ ।<br>*प्रचलित बजार मुल्यमा आधारीत र स्थानिय सरोकारवालाहरु संगको परामर्शमासम्वन्धित सरकारी निकायहरुद्धारा निर्धारण हुनेछ ।<br>*प्रभावित जग्गाधनी र समुदायहरुलाई नँया रुख/बिरुवाहरु र अन्य बाह्रमासे वालीहरुलगाउन आयोजनाले सहयोग गर्नु पर्नेछ । |

| | | | |
|---|---|---|---|
| ४. समुदाय संरचनाहरु र श्रोतहरु (Resources) | | | |
| ४.१ सामुदायिक भवन र संरचनाहरु | स्थानिय समुदाय | यसले सामुदायिक भवन र संरचनाहरु समावेश गर्दछ :विद्यालय, मन्दिर, स्वास्थ्य चौकी, ट्युवेल्, इनार आदी। | कम्तिमा पहिलेको अवस्थामा प्रभावित समुदाय संरचनाहरुको पूनःस्थापना वा प्रभावित समुदायहरुको परामर्शमा पहिचान गरिएका क्षेत्रहरुमा प्रतिस्थापन गर्ने । |
| ४.२ रुख/बिरुवाहरु | CFUGsवा स्थानीय समुदाय | *बृक्षारोपणकालागि सहयोग।<br>*समुदाय श्रोतहरुमा पहँचको पूनःस्थापना। | *समुदायहरुलाई नेपाल सरकारको लाईन एजेन्सीहरुको समन्वयमा ( डिभिजन वन कार्यालय, जिल्ला कृषी ज्ञान केन्द्र ) बृक्षारोपणको लागि CFUGs मार्फत सहयोग पुर्याउँने। |
| ५. पुनर्बास सहायता | | | |
| ५.१ परिवारको विस्थापन | जग्गाको स्वामित्व भएका /बहाल गरि बसेका | *आफ्नै आवास गुमाउनेलाइ आवास विस्थापन भत्ता।<br>*दुवानी भत्ता ।<br>*विस्थापित भत्ता । | *बिस्थापित परिवारहरुलाई ६ महिनाको घरभाडा सुविधा उपलब्ध गराइनेछ ।<br>*घरभाडाको रकम प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहने समितीबाट निधार्रण हुनेछ ।<br>*माल वस्तु तथा सरसामान स्थानांतरण गर्नका लागि प्रति घरपरिवारलाई बीस हजार रूपैयाँ ढुवानी सुविधा उपलब्ध गराइने छ ।<br>* प्रभाव न्यूनिकरणको लागि विस्थापित भत्ताको व्यवस्था निम्न अवस्थामा गरिने छः<br>➢ बालीनाली, रूखबिरुवा वा जीविकोपार्जनको अन्य माध्यमहरुलाई पुनः स्थापित गर्नु पर्ने अवस्थामा।<br>➢ घर निर्माण गर्न आवश्यक भएमा ६ महिनाको |

| | | | |
|---|---|---|---|
| | | | थप घरभाडा उपलब्ध गराइनेछ, सोको रकम प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहने समितीबाट निधार्रण हुनेछ । |
| ६. तारमुनी पर्ने प्रभावित भुमि खण्ड | | | |
| जग्गाको प्रयोगमा प्रतिबन्ध | जग्गा धनी प्रमाण पुर्जा भएका | प्रत्येक प्रभावित जग्गाको हकमा कित्ताको क्षेत्रफलको आधारमा निम्नानुसारको क्षतिपुर्ति उपलब्ध गराईने छः<br>➢ २५ प्रतिसत सम्म जग्गा परेको हकमा मुल्यांकित रकमको २० प्रतिसत रकम<br>➢ २५ प्रतिसत भन्दा बढी ५० प्रतिसत सम्म सम्म जग्गा परेको हकमा मुल्यांकित रकमको ३० प्रतिसत रकम<br>➢ ५० प्रतिसत भन्दा बढी ७५ प्रतिसत सम्म सम्म जग्गा परेको हकमा मुल्यांकित रकमको ४० प्रतिसत रकम<br>➢ ७५ प्रतिसत भन्दा बढी जग्गा परेको हकमा मुल्यांकित रकमको ५० प्रतिसत रकम | *सम्वन्धीत नापी कार्यालयवाट प्राप्त नक्साको आधारमा प्रशारण लाइनवाट प्रभाव पर्ने जग्गाहरुको पहिचान गर्ने ।<br>*सम्बन्धित मालपोत कार्यालयको अभिलेखमा उल्लेख भए वमोजिम जग्गाको स्वामित्व पहिचान तथा प्रमाणिकरण गरि जग्गाधनीहरुको प्रारम्भिक सूची तयार गर्ने ।<br>*आयोजनावाट प्रभावित जग्गाहरुको तथ्यांक प्राप्त भइसकेपछि सोको मूल्यांकनको लागि सम्वन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी , नापी तथा मालपोत कार्यालयका प्रतिनिधि तथा अन्य सम्बन्धित निकायका प्रतिनिधिहरुको निर्णयबाट जग्गा प्रासिको लागि सुचना प्रकाशन गर्ने । |

| | | | |
|---|---|---|---|
| | जग्गा धनी प्रमाण पुर्जा नभएका तर लामो समयसम्म जग्गाको उपयोग गरेका[1] | • नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/०८/३० को निर्णय बमोजिम Easement Fee बापत प्रभावित जग्गा खण्डको मुल्यांकित रकमको २०% मुल्य।<br>आर्थिक अवसरहरु गुमाएका २५ प्रतिसत भन्दा बढी क्षेत्रफल प्रभावित भएका जग्गा खण्डहरुको हकमा तल उल्लेख भए बमोजिमको थप सहयोग प्रदान गरिनेछ :<br>• प्रभावित जग्गाको मुल्याकित रकमको कम्तीमा १० प्रतिशत रकम वा रू. २०,००० (अक्षरेपी बिस हजार) रकम मध्येको बढी हुने रकम।<br>• यो थप सहयोगको व्यवस्था नेपालको अन्य प्रसारण लाइनमा नजिर बनाउन पाइने छैन। | जग्गा धनी प्रमाणपूर्जा नभएका परिवारहरुको पहिचान तथा प्रमाणिकरण (लामो समयसम्म जग्गाको उपयोग गरेका र मोहीको हकमा)<br>• क्षतिपुर्ति तथा अन्य सहयोग प्रासिका लागि योग्यताका आधारहरु निर्धारण गर्ने ।<br>• सम्बन्धित स्थानीय निकायको सिफारीसमा लामो समय देखि जग्गाको उपभोग गरेका परिवारहरुको पहिचान गर्ने। |

[1]कम्तिमा १० वर्ष वा सो भन्दा बढि निरन्तर जग्गामा (सरकारी, सार्वजनिक, वा वन नामित भूमि) बसोबास वा प्रयोग गर्दै आएका परिवारहरू । यो परिभाषा भूमि ऐन आठौं संशोधन बाट लिएको

७. गुनासो व्यवस्थापन संयन्त्र (Grievance Redress Mechanism):

आयोजना कार्यान्वयन अवधिमा देखापर्ने गुनासोहरुको व्यवस्थापन गर्न निम्न अनुसारको तीन तहको संयन्त्र रहने छ ।

प्रथम तह (at the Ground Level) – गुनासो समाधान कक्ष (Grievance Redress Cell ,GRC )

दोस्रो तह (at the Division Level)- गुनासो समाधान समिति (Grievance Redress Committee ,GRCe )

तेस्रो तह (at the Highest level) –गुनासो समिति(Grievance Committee ,GC )

<u>७.१ प्रथम तह</u> (at the Ground Level) – <u>गुनासो समाधान कक्ष</u> (Grievance Redress Cell ,GRC )

समितिको संरचना :

१.डिभिजन प्रमुख ( Grievance Redressofficer /GRO )

२.नेपाल विद्युत प्राधिकरण, सामाजिक केन्द्रित व्यक्ति (NEA Social Focal Person)

३.वातावरण तथा सामाजिक अनुगमनकर्ता (ESMU)

❖ गुनासो समाधान कक्षको भूमिका तथा जिम्मेवारीहरु:

- तल्लो तहबाट प्राप्त उजुरी दर्ता गर्नु (मौखिक र लिखित दुवै) र कारण पत्ता लगाउनु
- उजुरीकर्ताहरुद्वारा दर्ता गरिएका गुनासोहरु प्रमाणित गर्ने
- यदि सम्भव भएमा उजुरीको समाधानको लागि ७ दिन भित्र स्थानीय स्तरमा गुनासोकर्तासंग छलफल गर्ने
- समस्या समाधान हुन नसकेमा प्राप्त आवश्यक कागजातहरुको साथ दोस्रो तहमा अघि बढाउने
- परिमाण जस्तोसुकै भए पनि ,सबै उजुरीकर्तालाई प्रतिक्रिया प्रदान गर्ने
- गुनासो गर्ने व्यक्ति समाधानमा सन्तुष्ट हुन नसकेमा उसले दोस्रो चरणमा समिक्षाको लागि निबेदन दिन सक्ने

७.२ दोस्रो तह (at the Division Level)-गुनासो समाधान समिति (Grievance Redress Committee ,GRCe )

समितिको संरचना :

१.डिभिजन प्रमुख ( Grievance Redressofficer /GRO)

२.नेपाल विद्युत प्राधिकरण, सामाजिक केन्द्रित व्यक्ति (NEA Social Focal Person)

३.वातावरण तथा सामाजिक अनुगमनकर्ता (ESMU)

४.नगरपालिका /गाउपालिकाका निर्वाचित वडा प्रतिनिधि

५.सम्बन्धित सरकारी निकाय तथा अन्य सम्बन्धित संस्था र सरोकारवालाहरुको प्रतिनिधि (आबश्यकता भएनुसार )

❖ गुनासो समाधान समितिको भूमिका तथा जिम्मेवारीहरु:

- पहिलो तहबाट पठाएइको गुनासोलाई समिक्षा गरिने र उजुरी दर्ता भएको १५ दिन भित्र सम्बन्धित पक्षलाई निर्णयको बारेमा जानकारी दिने

- यस तहमा समाधान समाधान हुन नसकेमा  गुनासो समाधान समितिले ती गुनासोहरुलाई तेस्रो तहमा पुर्याउने
- परिणाम जस्तोसुकै भए पनि, सबै उजूरीहरूको लागि प्रतिक्रिया प्रदान गर्ने
- उजुरी गर्ने व्यक्ति उक्त निर्णयबाट सन्तुष्ट हुन नसकेमा उजुरीकर्ताले आफ्नो उजुरी दोस्रो तहबाट तेस्रो तहमा आबश्यक कागजातहरुको साथ समाधानको लागि दर्ता गर्न सक्ने

७.३ तेस्रो तह (at the Highest level) – गुनासो समिति (Grievance Committee ,GC )

समितिको संरचना :

१.आयोजना प्रमुख

२. ने.बि.प्रा.वातावारण तथा सामाजिक अध्ययन विभागका टोलि प्रमुख

३. डिभिजन प्रमुख

४. जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि

५. नगरपालिका /गाउपालिकाका निर्वाचित वडा प्रतिनिधि

६. सम्बन्धित सरकारी निकाय तथा राजनीतिक दल र सरोकारवालाहरुको प्रतिनिधि (आबश्यकता भएनुसार )

❖ भूमिका तथा जिम्मेवारीहरुः

- दोस्रो तहबाट पठाइएको गुनासाहरूको समीक्षा गरी उजुरी दर्ता भएको २५ दिन भित्र सम्बन्धित पक्षलाई निर्णयको जानकारी दिइ सुचित गर्ने ।
- उजुरी गर्ने व्यक्ति उक्त निर्णयबाट सन्तुष्ट हुन नसकेमा निजले अदालत मार्फत कानुनी सहारा लिन सक्ने ।

उजूरी व्यवस्थापनको मासिक प्रतिबेदन केन्द्रीय स्तरको सामाजिक फोकल व्यक्तिलाई पेश गर्नु पर्ने ।

८. सरोकारवाला परामर्श तथा सूचना सार्वजनिकीकरण (Stakeholder Consultation and Information Disclosure):

प्रसारण लाइन मार्गाधिकार (RoW) क्षेत्रको पुनर्वास योजना तर्जुमा र कार्यान्वयनको व्यवस्था गर्न आयोजनाको अवस्था र समय सीमा माथि विचार गर्दै आयोजनाले सरोकारवाला परामर्श तथा सूचना सार्वजनिकीकरण सम्बन्धी प्रावधानलाई सरलीकृत तरिकाले अवलम्बन गरेको छ। पुनर्वास कार्ययोजना (RAP) तयारीको समयमा सरोकारवाला सहभागिता मुख्य गरी आयोजना प्रभावित जग्गाहरूको जानकारी सार्वजनिक सूचनाहरू मार्फत दिने ,आयोजना प्रभावित घरधुरीको प्रमाणीकरण प्रक्रिया आयोजना प्रभावित घरधुरी मार्फत नै गरिने र प्रभावित परिवार वा सरोकारवालाहरूको गुनासो र हक दाबी दायर गर्ने प्रयोजनका लागि स्थापित गुनासो व्यवस्थापन प्रक्रियामामा सीमित थियो ।

तथापि, पुनर्वास कार्ययोजना कार्यान्वयनको पहिलो चरणको समयमा पुनर्वास कार्ययोजना परामर्श सुरु हुनेछ । प्रमुख सरोकारवालाहरू संशोधित पुनर्वास कार्ययोजनामा उल्लेख गरिएका प्रक्रिया र प्याकेजको बारेमा सुसूचित गर्न र सो बारेमा पृष्ठपोषण प्रदान गर्ने ठाउँ उनीहरूलाई प्रदान गरिएका छन् भन्ने कुराको सुनिश्चित गर्न आयोजनाले वृहत सूचना प्रवाह र सरोकारवाला परामर्श सञ्चालन गर्नेछ । यस आयोजनाका प्रमुख सरोकारवालाहरू देहायबमोजिम छन्M M

- आयोजना प्रभावित सबै घरपरिवारहरू र आयोजनाका लाभग्राहीहरू
- निर्वाचित प्रतिनिधि, समुदायका अगुवा र समुदायमा आधारित संस्थाका प्रतिनिधिहरू
- स्थानीय गैरसरकारी संस्थाहरू
- स्थानीय सरकार र सम्बन्धित सरकारी निकायका प्रतिनिधिहरू

पुनर्वास कार्ययोजना र कार्यकारी सारांशलाई नेपाली भाषामा सार्वजनिक गरिनेछ। पुनर्वास कार्ययोजनाको उपलब्धता, सार्वजनिक भेलाको स्थान र समय, र मानिसहरूले आफ्नो सुझाव (र गुनासो, हकदाबी) पेश गर्न सक्ने माध्यमहरू देहाय तरिकाले प्रचारप्रसार गरिनेछ MMMM

- स्थानीय सरकारका कार्यालयहरू, वडा कार्यालयहरू र विद्यालयहरू, स्वास्थ्य केन्द्रहरु र सामुदायिक भवनहरू जस्ता सार्वजनिक स्थलहरूमा सार्वजनिक सूचना ।
- प्रशारण लाईन नजिक बसेका समुदाय सँग सार्वजनिक भेलाहरु हुने समयमा।
- आयोजनाको वेवसाइट र प्रभावित स्थानीय सरकारका वेवसाइटहरूमा।
- स्थानीय सामुदायिक एफएमबाट सूचना तथा जानकारी प्रसारण।
- पुनर्वास कार्ययोजनालाई स्थानीय सरकारका कार्यालय र सार्वजनिक स्थलहरूमा राखिनेछ भनी उल्लेख भएका आयोजना जानकारी पुस्तिकाहरूको छपाइ प्रतिलिपिहरू ।
- प्रभावित मानिसहरूलाई पठाइएका पत्र।

सूचना प्रवाह गतिविधिका अतिरिक्त आयोजनाले विभिन्न प्रकारका परामर्श भेलाहरूको आयोजना गर्नेछ र आयोजनाबाट प्रत्यक्ष प्रभावित हुने मानिससँग प्रत्यक्ष एकल आमने सामने परामर्श गर्नेछ। आयोजनाले समेट्ने क्षेत्रहरूमा बसोबास गर्ने मानिसहरूको हानि नोक्सानी तथा प्रभावित सम्पत्तिको सूची र प्रमाणीकरणमा छलफल गर्न उनीहरूसँग विस्तृत परामर्शहरूको आयोजना गरिनेछ।

प्रभावकारी परामर्शको सुनिश्चित गर्न आयोजनालेः

- पुनर्वास कार्ययोजना कार्यान्वयनको कार्यविधि प्रकाशित गर्नेछ, यसमा विशेष गरी क्षतिपूर्ति प्राप्त गर्ने योग्यताका आधार (entitlement matrix) र गुनासो व्यवस्थापन संयन्त्रको बारेमा विभिन्न माध्यम मार्फत स्थानीय भाषाहरूमा प्रकाशित गरिनेछ।
- परियोजना प्रभावित घरपरिवार र अन्य सरोकारवालहरूसँग भेलाको आयोजना गर्ने। भेलाको दौरान भएका छलफलहरू र प्राप्त पृष्ठपोषणहरूको व्यवस्थित अभिलेख राख्ने।

- महिला र अन्य सीमान्तकृत समूहहरूको पहुँचको अवस्था विचार गरी भेलाहरूको भाषा, समय र स्थानको निर्धारण गरिनेछ।
- प्रभावित समुदायका प्रतिनिधिहरू रहने गरी क्रियाशील गुनासो व्यवस्थापन संयन्त्र स्थापना गर्ने।

## ९. कार्यान्वयन सम्बन्धी व्यवस्था (Implementation Arrangement):

पुनर्वास कार्ययोजना कार्यान्वयनको समग्र जिम्मेवारी आयोजना सँग रहनेछ । तलको तालिकाले यो पुनर्वास कार्ययोजना कार्यान्वयनमा योगदान गर्ने प्रमुखकर्ताहरू र उनीहरूले पूरा गर्ने भूमिका प्रस्तुत गर्दछ ।

तालिका ६ : प्रमुख कर्ताहरू र उनीहरूको कार्य तथा भूमिकाहरू

| प्रमुखकर्ताहरू | कार्य/भूमिकाहरू | कैफियत |
|---|---|---|
| नेपाल विद्युत प्राधिकरण/आयोजना प्रधान कार्यालय | समग्र आयोजना कार्यान्वयनको लागि आयोजना प्रधान कार्यालय जिम्मेवार रहनेछ। कार्यान्वयन टीममा पुनर्वास कार्ययोजनाको गतिविधिहरूको समग्र समन्वय र कार्यान्वयनमा आयोजनालाई सहयोग गर्ने एकजना सामाजिक विज्ञ रहनेछन् । | डिभिजन कार्यालयहरू र साइटमा रहेको वातावरण तथा सामाजिक व्यवस्थापन इकाइ सँगको समन्वयमा। |
| नेपाल विद्युत प्राधिकरण÷वातावरण तथा सामाजिक अध्ययन विभाग (ESSD) | सामाजिक संरक्षण कार्यक्रमहरूको योजना तर्जुमा, सुपरीवेक्षण र आन्तरिक अनुगमन। फिल्ड कार्यहरूको कार्यान्वयन, सुपरीवेक्षण र प्रगति प्रतिवेदन। | फिल्डमा रहेको आयोजना कार्यालयसँगको निकट समन्वयमा (वातावरण तथा सामाजिक व्यवस्थापन इकाइ) |
| आयोजना डिभिजन कार्यालय | आयोजना निर्माण योजना र पुनर्वास कार्ययोजनाको तर्जुमा र प्रतिवेदन । पुनर्वास कार्ययोजनाका गतिविधिहरूको कार्यान्वयनका लागि टीमले वातावरण तथा सामाजिक व्यवस्थापन इकाइ, क्षतिपूर्ति निर्धारण समिति र स्थानीय सरकारी निकायहरूसँग मिलेर कार्य गर्नेछ। | साइटमा आयोजनाको लागि स्थापना गरिएका तीनवटा डिभिजन कार्यालयहरू |

| | | |
|---|---|---|
| वातावरण तथा सामाजिक व्यवस्थापन इकाइ (ESMU) | आयोजना निर्माण र संरक्षण गतिविधिहरूको दैनिक योजना तर्जुमा र कार्यान्वयन गर्ने र नियमित रूपमा प्रगति प्रतिवेदन तयार गर्ने। डिभिजन कार्यालयहरूमा वातावरण तथा सामाजिक व्यवस्थापन इकाइले आयोजना टीमसँग मिलेर सबै चरणमा संरक्षणसँग सम्बन्धित सवालहरूमा कार्य गर्ने | प्रत्येक डिभिजन कार्यालयहरूमा तीनवटा वातावरण तथा सामाजिक व्यवस्थापन इकाइको स्थापना। |
| क्षतिपूर्ति निर्धारण समिति (CFC) | क्षतिपूर्ति निर्धारण समितिको अध्यक्षता प्रमुख जिल्ला अधिकारीबाट हुनेछ । यो कानुनी आधार भएको प्रमुख निकाय हो जसले परियोजना प्रभावित घरपरिवार र स्थानीय सरोकारवालाहरूसँग परामर्श गरी क्षतिपूर्तिको दर निर्धारण गर्दछ । भूमि र सम्पत्ति अधिग्रहण, क्षतिपूर्ति, पुनर्वास र पुनरुथापनसँग सम्बन्धी सबै सवाल÷गुनासोहरू सम्बोधन गर्ने कुरामा पनि क्षतिपूर्ति निर्धारण समिति जिम्मेवार रहनेछ। | गुनासो व्यवस्थापन संयन्त्रका अन्यकर्ताहरू अर्थात् वातावरण तथा सामाजिक व्यवस्थापन इकाइ र प्रशारण लाईन आयोजना र क्षतिपूर्ति निर्धारण समिति सँग निकट समन्वयमा रहेर कार्य गर्ने |

तालिका ७: पुनर्वास कार्ययोजनाको कार्यान्वयन सम्बन्धी कार्य तथा जिम्मेवारीहरू:

| क्र. सं. | कार्यहरू | जिम्मेवारी | समय | कैफियत |
|---|---|---|---|---|
| १ | प्रसारण लाइन मार्गाधिकार (ROW) क्षेत्रमा रहेका संरचना/जग्गाहरूको पहिचान र जग्गाधनी विवरण सङ्कलन गर्ने।<br>(जग्गाधनी प्रमाणपूर्जा भएका) | प्रत्येक डिभिजन प्रमुखको, नापी कार्यालय र मालपोत कार्यालयसँगको समन्वयमा | तार लगाउने काम सुरु गर्नु भन्दा पहिले | समुदायको अवरोध/प्रतिरोध भएका क्षेत्रमा बाहेक मार्गाधिकार क्षेत्रमा पर्ने लगभग सबै संरचना र जग्गाहरू पहिचान गरियो। |
| २ | प्रसारण लाइन मार्गाधिकार क्षेत्रमा पर्ने संरचना÷जग्गाहरूको पहिचान गर्ने।<br>(जग्गाधनी प्रमाणपूर्जा नभएका) | प्रत्येक डिभिजन प्रमुखको, नापी कार्यालय, मालपोत कार्यालय र स्थानीय सरकार (नगरपालिका, गाउँपालिका) सँगको समन्वयमा | तार लगाउने काम सुरु गर्नु भन्दा पहिले | जग्गा धनीपूर्जा नभएका वर्गमा पर्ने मार्गाधिकार क्षेत्रका सबै निर्मित संरचना र जग्गाको पहिचान गरियो। |
| ३ | जग्गा धनीपूर्जा भएका हरूको जग्गा÷संरचना प्रमाणीकरण र सोको सूचना प्रकाशन गर्ने। | आयोजना प्रबन्धकको, डिभिजन कार्यालयहरूसँगको समन्वयमा | तार लगाउने काम सुरु गर्नु भन्दा पहिले | समुदाय अवरोध÷प्रतिरोध भएका क्षेत्र बाहेक पहिचान गरिएका सबै जग्गा÷संरचनाहरूको लागि सूचना प्रकाशित गरियो। |

| | | | | |
|---|---|---|---|---|
| ४ | प्रसारण लाइन मार्गाधिकार क्षेत्रमा रहेका संरचना र जग्गाहरूको मूल्याङ्कन गर्ने प्रसारण लाइन मार्गाधिकार क्षेत्रमा रहेका काट्नुपर्ने रुखहरू र तिनबाट हानि नोक्सानी हुने बालीको मूल्याङ्कन गर्ने। | प्रत्येक डिभिजन प्रमुखको, क्षतिपूर्ति निर्धारण समितिसँगको समन्वयमा | तार लगाउने काम सुरु गर्नु भन्दा पहिले | |
| ५ | जग्गा÷संरचनाका सम्बन्धित मालिकहरूलाई क्षतिपूर्ति÷सहयोग रकम र अन्य लाभका बारेमा सूचित गर्ने। | प्रत्येक डिभिजन प्रमुखको, स्थानीय सरकारसँगको समन्वयमा (नगरपालिका, गाउँपालिका, वडा कार्यालयहरू) | मार्गाधिकार क्षेत्रका संरचना र जग्गाको मूल्याङ्कन पछि | |
| ६ | क्षतिपूर्ति÷सहयोग रकम वितरणको समयमा आयोजना प्रभावित घरपरिवारबाट प्राप्त हुने गुनासो सङ्कलन गरी अभिलेख राख्ने। | प्रत्येक डिभिजन प्रमुखको, वातावरण तथा सामाजिक व्यवस्थापन इकाइ र स्थानीय सरकारसँगको समन्वयमा | क्षतिपूर्ति÷सहयोग रकम वितरण अघि, वितरणको समयमा र पछि | प्रधान कार्यालयका अन्य प्रशासनिक कर्मचारीहरू र वातावरण तथा सामाजिक व्यवस्थापन इकाइका कर्मचारीहरूले सम्बन्धित डिभिजन प्रमुख र डिभिजनलाई सहयोग गर्नेछन् । यो कार्य गर्न बाहिरका कुनै सामाजिक टीम चाहिँदैन । |
| ७ | जग्गार संरचनाका सम्बन्धित धनी/मालिकहरूबाट सक्कल कागजात | प्रत्येक डिभिजन प्रमुखको, प्रभावित घरपरिवार र | क्षतिपूर्ति/सहयोग रकमवितरण अघि | प्रधान कार्यालयका अन्य प्रशासनिक कर्मचारीहरू र वातावरण तथा सामाजिक |

| | | | | |
|---|---|---|---|---|
| | (धनीपूर्जा) र बैंक खाता सङ्कलन गर्ने । | स्थानीय सरकार (गाउँपालिका, नगरपालिका, वडा कार्यालय) सँगको समन्वयमा | | व्यवस्थापन इकाइका कर्मचारीहरूले सम्बन्धित डिभिजन प्रमुख र डिभिजनलाई सहयोग गर्नेछन् । यो कार्य गर्न बाहिरका कुनै सामाजिक टीम चाहिँदैन । |
| ८ | जग्गा÷संरचना धनीहरूबाट सङ्कलन गरिएका सक्कल काजगातको प्रमाणीकरण गर्ने । | प्रत्येक डिभिजन कार्यालयको, नापीतथामालपोत कार्यालयसँगको समन्वयमा | क्षतिपूर्ति÷सहयोग रकम वितरण अघि | प्रधान कार्यालयका अन्य प्रशासनिक कर्मचारीहरू र वातावरण तथा सामाजिक व्यवस्थापन इकाइका कर्मचारीहरूले सम्बन्धित डिभिजन प्रमुख र डिभिजनलाई सहयोग गर्नेछन् । यो कार्य गर्न बाहिरका कुनै सामाजिक टीम चाहिँदैन । |
| ९ | सम्बन्धित जग्गा÷संरचना धनीलाई भुक्तानी गरिने रकमको चेक तयार गर्ने। | HDI आयोजनाको लेखा अधिकृतको, आयोजना प्रबन्धक र डिभिजन प्रमुखहरू सँगको समन्वयमा | कागजातको प्रमाणीकरण पछि | |
| १० | • सम्बन्धित धनीहरूलाई क्षतिपूर्ति/सहयोग रकम भुक्तानी गर्ने।<br>• ६ महिनाको लागि घरभाडा र | HDI आयोजनाको लेखा अधिकृतको, आयोजना प्रबन्धक र डिभिजन | तार लगाउने कार्यको समयमा | व्यक्तिगत जग्गा धनीहरूलाई दिइने सबै भुक्तानी सम्बन्धित धनीको बैंक खातामा आइपीएस माध्यमबाट सोझै रकमान्तर गरिनेछ । |

| | | | | |
|---|---|---|---|---|
| | माल वस्तु तथा सरसामान स्थानांतरण गर्नका लागि प्रति घर परिवार बीस हजार रूपैयाँ ढुवानी सुविधा उपलब्ध गराइने ।<br>• प्रभाव न्यूनिकरणको लागि विस्थापित भत्ताको व्यवस्था गरिने। | | | |

तालिका ८. कार्यान्वयन तालिका

| | कार्यहरू | जिम्मेवारी | गतिविधिको समय | कैफियत |
|---|---|---|---|---|
| १. | मार्गाधिकार क्षेत्रमा पर्ने जग्गा नम्बर पहिचान गर्ने र जग्गाधनीको विवरण सङ्कलन गर्ने।<br>प्रभावित जग्गा र संरचनाको प्रयोग र जग्गाधनी प्रमाणीकरण गर्ने ।<br>जग्गाधनी प्रमाणपूर्जा नभएकाहरुको पहिचान गर्ने ।<br>प्रभावित परिवारहरूको सूची अद्यावधिक गर्ने । | आयोजना<br>परामर्शदाता | अलाइनमेन्ट(Alignment) पूरा हुने बित्तिकै | पूरा भएको |
| २. | प्रभावित सम्पत्तिहरूको मूल्याङ्कन प्रतिवेदनहरू | आयोजना | तार लगाउने कामभन्दा १–२ महिना पहिले | तार लगाउने कामसँगै तल माथि हुने |
| ३. | पुनर्वास कार्ययोजनाको सार्वजनिक | आयोजना | यसको अन्तिम रूप तयार हुने बित्तिकै | |
| ४. | क्षतिपूर्ति भुक्तानी र संरचना, बहिर्गमन र जग्गाको स्वामित्व हस्तान्तरणको लागि पुनरुथापन तथापुनर्वास सहयोग | आयोजना | तार लगाउने काम थाल्नु अघि | आयोजना प्रभावित घरपरिवारलाई नयाँ घरमा सर्न पर्याप्त समय र सहयोग प्रदान गरिएको |
| ५. | प्रभावित रुखहरूको क्षतिपूर्ति भुक्तानी। मार्गाधिकार क्षेत्रमा पर्ने सम्बन्धित जग्गाधनीलाई थप सहयोग शुल्क भुक्तानी | आयोजना | तार लगाउने काम थाल्नु अघि | |
| ६. | पुनर्वास कार्ययोजना पूरा भएको प्रतिवेदन[2] | आयोजना | क्षतिपूर्ति भुक्तानी पूरा भएपछि | |

[2]पुनर्वास कार्ययोजना पूरा भएको प्रतिवेदनले क्षतिपूर्ति प्रक्रिया र वास्तविक लाभग्राही विवरणको अन्तिम अभिलेख प्रदान गर्नेछ ।

अनुगमन तथा प्रतिवेदन:

आयोजनाले नियमित रूपमा आन्तरिक अनुगमन गर्नेछ । आयोजनाको लागि नियुक्त गरिएको सामाजिक विज्ञ पुनर्वास कार्ययोजना कार्यान्वयन सम्बन्धी जानकारीको व्यवस्थित सङ्कलनको लागि जिम्मेवार रहनेछन् । पुनर्वास डाटाबेसको व्यवस्थापन आयोजनाले गर्नेछ र पुनर्वास कार्ययोजनाको कार्यान्वयन प्रगतिको मासिक प्रतिवेदन तयार गरिनेछ।

वातावरण तथा सामाजिक अध्ययन विभाग र वातावरण तथा सामाजिक व्यवस्थापन इकाइ(यसको फिल्ड युनिट)ले पनि आन्तरिक मूल्याङ्कन गर्नेछ। आन्तरिक मूल्याङ्कनले तलका कुराहरू सुनिश्चित गर्नेछ:

- सूचना प्रवाह र प्रभावित पक्षहरूसँग परामर्श।
- भूमि अधिग्रहणको स्थिति र भूमि, संरचना र अन्य सम्पत्तिको क्षतिपूर्तिको समयमै भुक्तानी।
- बक्यौता रहेका वा समाधान नभएका पुनर्वास सवालहरूको स्थिति ।
- गुनासो व्यवस्थापन संयन्त्रको प्रभावकारिता।

देहायका कुराहरूमा खास केन्द्रित रहँदै एउटा स्वतन्त्र अनुगमनले पनि पुनर्वास कार्ययोजनाको कार्यान्वयनअनुगमन गर्नेछ:

- आयोजनाको लागि तयार गरिएका सामाजिक संरक्षणसँग सम्बन्धित लिखतहरूको (प्रसारण लाइनको मार्गाधिकार क्षेत्रको समेत) समीक्षा र कार्यान्वयनको अनुगमन गर्ने। यी दस्तावेजहरूमा सामाजिक प्रभाव व्यवस्थापन ढाँचा (SIMF) सङ्कटासन्न समुदायविकास योजना (VCDP) र पुनर्वास कार्ययोजना लगायत रहेका छन् । परामर्शदाताले यी कार्ययोजनाहरूको नियमित भौतिक प्रगति अनुगमन गर्नेछन् र तिनीहरूमा उल्लेख गरिएका उद्देश्यहरू हासिल गर्न डिजाइन गरिएका कार्यहरूको प्रभावकारिता मूल्याङ्कन गर्नेछन्।
- निर्माण अवधिहरूसँग सम्बन्धित अस्थायी सामाजिक प्रभावहरूको मूल्याङ्कन गर्ने । यसमा भूमि तथा बालीहरूको अस्थायी हानि नोक्सानी, ठूलो संख्यामा श्रमको आगमनले पार्ने सम्भावित जोखिमहरू आदिको मूल्याङ्कन रहन्छन्।
- कार्यान्वयनको दौरान वृहत सरोकारवाला, प्रभावित जनसंख्या, आयोजना क्षेत्रमा कार्यरत सामुदायिक संगठन र नागरिक समाजका संस्थाहरूसँग मिलेर सरोकारवाला सहभागिता गतिविधिहरू, सार्वजनिक परामर्श र सहभागिताको पर्याप्तता र प्रभावकारिता समीक्षा तथा मूल्याङ्कन गर्ने।

➢ प्रभावित समुदाय र सरोकारवालाहरू सँगको परामर्शको माध्यमबाट विद्यमान गुनासो व्यवस्थापन संयन्त्र, रिपोर्ट गरिएका गुनासोहरू, आयोजनाले थालेको कारवाही, सम्बोधन कार्यविधिका साथै सम्बोधनको पर्याप्ताको समीक्षा गर्ने।

## १०. कार्यान्वयनको लागि बजेट:

तलको तालिकाले जग्गा र संरचनाहरूको क्षतिपूर्ति, पुनर्वास सहायता प्याकेज एवम् पुनर्वास योजना कार्यान्वयन र सुपरीवेक्षणसँग सम्बन्धित प्रशासनिक खर्चहरूको अनुमानित लागत प्रस्तुत गर्दछ । पुनर्वास कार्ययोजना कार्यान्वयनको लागि आवश्यक लागत नेपाल विद्युत प्राधिकरणको आफ्नै बजेटबाट भुक्तानी हुनेछ ।

तालिका ९ : पुनर्वास कार्ययोजना कार्यान्वयनको लागि बजेट अनुमान

| विवरण | इकाइ | परिमाण | कूल रकम (रूपैयाँमा) |
|---|---|---|---|
| १.१ निजीभूमिको लागि सुविधा (मुल्यांकित रकमको शुल्क २० प्रतिशत) | कठ्ठा | १४१८०.६२ | २,६७०,९९८,९१७ |
| १.२ गुमेको आर्थिक अवसरहरूको लागि पुनस्र्थापन तथापुनर्वास (R&R) सहायता (मुल्यांकित रकमको औंसत २० प्रतिशत) | कठ्ठा | | २,६७०,९९८,९१७ |
| २.१ संरचनाक्षतिको क्षतिपूर्ति | | १९९ | १०८,५५४,९७८ |
| २.४ रुख/बालीक्षतिको क्षतिपूर्ति | | | — |
| ४. विशेष सहायता प्याकेज | | | |
| ४.१ ढुवानी खर्च (प्रति घरपरिवार २० हजार रूपैयाँ) | संख्या | १५० | ३,000,000 |
| ४.२ अस्थायी आवास/घर भाडा तथा विस्थापन भत्ता (प्रति घरपरिवार ६/६ महिनाको लागी प्रति महिना अनुमानित १० हजार रूपैयाँ) | संख्या | १५० | १८,000,000 |
| जम्मा | | | ५,५०७,५५२,८१२ |
| ५. पुनर्वास कार्ययोजना पूरा भएको प्रतिवेदन कार्यान्वयन तथा सुपरीवेक्षण (परामर्श, गुनासो व्यवस्थापन संयन्त्र, अनुगमनआदि) १ % | | | ५५,०७५,५२८ |
| भैपरी कार्य ५% | | | २७५,३७७,६४१ |
| कूल जम्मा | | | ५,८०२,००५,९८१ |

- [1.2]यो पुनर्वास कार्य योजनाको लागि अनुमानित जग्गाको लागत क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरेको औसत मूल्याङ्कन दरमा आधारित छ।
- [1.2] यो चरणमा ठ्याक्कै पर्ने प्रभाव थाहा छैन, त्यसैले गुमेको आर्थिक अवसरको पुनस्थापन तथा पुनर्वास R&R सहायताको अनुमानको लागि मार्गाधिकार क्षेत्रमा पर्ने कूल जग्गाको मूल्याङ्कीत रकमको २० प्रतिशत लिएर औसत लागत गणना गरिएको छ।
- [2.1]संरचनाहरूको वास्तविक मूल्याङ्कन रकम प्रयोग गरिएको छ।
- [2.4]यो चरणमा प्रभाव थाहा नभएकोले रूख र बालीको क्षति लागत अनुमान समावेश गरिएको छैन ।